"Access to All"

गरिमा विकास बैंक लिमिटेड

Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**प्रधान कार्यालय** : लाजिम्पाट, काठमाण्डौं, **फोन** : ०१-४४४५४२४/२५/२६

**ईमेल** : info@garimabank.com.np, **वेबसाइट** : www.garimabank.com.np

# सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९ मंसिर २८ गते बुधवार (कारोवार राष्ट्रिय दैनिक)**

यस गरिमा विकास बैंक लिमिटेडको मिति २०७९ मंसिर २६ गते दिनको २:०० बजे बसेको सञ्चालक समितिको २८२ औं बैठकको निर्णय अनुसार कम्पनीको सोह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०७९ पौष २२ गते शुक्रवार (तद्नुसार जनवरी ६, २०२३)

समय : बिहानको १०:०० बजे

स्थान : होटल पोखरा ग्राण्ड, बिरौटा, पोखरा, कास्की ।

**(क) सामान्य प्रस्तावहरु**

(१) अध्यक्षज्यू को मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) साविक सहारा विकास बैंक लिमिटेडको मिति २०७८ कार्तिक २७ गते सम्मको गरिमा विकास बैंक लिमिटेडमा सरेको हिसाब सहित गरिमा विकास बैंक लिमिटेडको आर्थिक बर्ष २०७८/७९ को लेखापरिक्षण प्रतिवेदन एवं २०७९ अषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा २०७८/७९ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(४) संचालक समितिको प्रस्ताव तथा नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम हाल कायम चुक्ता पुंजी रु.४,५९,०८,७३,५०१.८९ (अक्षरेपी चार अर्ब उन्साठी करोड आठ लाख त्रीहत्तर हजार पाँच सय एक र पैसा उनानब्बे मात्र) को १.५० प्रतिशतले हुन आउने रकम रु.६,८८,६३,१०२.५३ (अक्षरेपी छ करोड अठासी लाख त्रीसठ्ठी हजार एक सय दुई र पैसा त्रीपन्न मात्र) बराबरको नगद लाभांश वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

(१) संचालक समितिको प्रस्ताव तथा नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम हाल कायम चुक्ता पुंजी रु.४,५९,०८,७३,५०१.८९ (अक्षरेपी चार अर्ब उन्साठी करोड आठ लाख त्रीहत्तर हजार पाँच सय एक र पैसा उनानब्बे मात्र) को १३.०० प्रतिशतले हुन आउने रकम रु.५९,६८,१३,५५५.२५ (अक्षरेपी उनान्साठी करोड अठ्सठ्ठी लाख तेह्र हजार पाँच सय पचपन्न र पैसा पच्चीस मात्र) बराबरको बोनस शेयर बितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने । साथै बोनश शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने र गरिमा विकास बैंक लिमिटेडले साविक सहारा विकास बैंक लिमिटेड प्राप्ति गरि मिति २०७८ कार्तिक २८ देखि एकीकृत कारोबार गरेको सन्दर्भमा प्रचलित कानून बमोजिम लाभांश कर छुट पाउने शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्नुका साथै कर छुट नपाउने शेयरधनीहरुको हकमा नगद लाभांशबाट कर भुक्तानी गर्ने प्रस्ताव पारित गर्ने ।

(२) विकास बैंक साविक अधिकृत पूँजीलाई बृद्धि गरी रु.५,२५०,०००,००० (अक्षरेपि पाँच अर्ब पच्चिस करोड मात्र) कायम गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(३) विशेष प्रस्ताव नं. (१) र (२) पारित भए बमोजिम हुने गरी विकास बैंकको प्रवन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(४) गरिमा विकास बैंक लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा अन्य बैंक तथा वित्तीय संस्था(हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासंग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorendum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट बैंकको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसंग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(५) विकास बैंकको प्रवन्धपत्रमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

## साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. सोह्रौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७९ पौष ८ देखि २०७९ पौष २२ गते सम्म यस विकास बैंकको शेयरधनी दर्ता किताब बन्द (Book Close) रहनेछ । मिति २०७९ पौष ७ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ भएको र प्रचलित नियमानुसार शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरु सो सभामा भाग लिन तथा लाभांश प्राप्त गर्नको लागि योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरुले आर्थिक बर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन पुस्तिका यस विकास बैंकको प्रधान कार्यालय लाजिम्पाट काठमाडौं, सभागृहचोक पोखरा कास्की स्थित विकास बैंकको पोखरा क्लस्टर कार्यालय वा शेयर रजिष्ट्रार एनआईविएल एस क्यापिटल लिमिटेड लाजिम्पाटबाट प्राप्त गर्न सक्नुहुनेछ । उक्त प्रतिवेदन विकास बैंकको वेभसाईट www.garimabank.com.np मा हेर्न र डाउनलोड गर्न समेत सकिनेछ ।

३. सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनीहरुले शेयर प्रमाण-पत्र वा डि-म्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता, मतदाता परिचय पत्र, वा अन्य कुनै परिचय-पत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

४. सभामा भाग लिन वा मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न वा प्रोक्सी बदर गरी नयाँ प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न अर्को प्रोक्सी दिन चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन (प्रोक्सी फारम) भरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २ लाजिम्पाट स्थित विकास बैंकको प्रधान कार्यालय वा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.८ सभागृहचोक स्थित विकास बैंकको पोखरा क्लष्टर कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि अर्थात मिति २०७९ पौष २० गते बिहान १०:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा विकास बैंकको शेयरधनीलाई मात्र नियुक्त गर्न सकिनेछ । विकास बैंकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन्, यसरी दिएको प्रोक्सी बदर हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा उक्त प्रोक्सी स्वतः बदर हुनेछ । ।

५. नावालक वा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीहरुको सन्दर्भमा शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिले मात्र संरक्षकको हैसियतले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधी नियुक्त गर्न र मतदान गर्न सक्नु हुनेछ ।

६. संयुक्त रुपमा शेयर खरिद गर्ने शेयरधनीको हकमा शेयरधनी दर्ता किताबमा जसको नाम पहिले उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त शेयरधनीहरुको सर्वसम्मतिबाट आफुहरु मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नुहुनेछ ।

७. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा सम्पन्न हुने दिन विहान ९:०० बजे देखि नै खुल्ला गरिनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

८. विविध शिर्षक अन्तर्गत कुनै विषयमा छलफल गर्न आवश्यक ठानेमा शेयरधनी महानुभावहरुले आफुले प्रस्तुत गर्न चाहेको विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै कार्यालय समय भित्र विकास बैंकको प्रधान कार्यालय, लाजिम्पाट, काठमाडौंमा लिखित रुपमा जानकारी दिनु पर्नेछ । ७ दिन अगाडि सार्वजनिक बिदा पर्न गएमा सार्वजनिक बिदा पश्चात कार्यालय खुल्ने पहिलो दिन समेत त्यस्तो लिखित जानकारी दिन सकिनेछ । यसरी लिखित रुपमा पूर्व जानकारी नगराएको विषयमा सभामा छलफल तथा निर्णय गरिने छैन ।

९. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र विकास बैंकको प्रधान कार्यालय, लाजिम्पाट, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले,**
**माधवप्रसाद उपाध्याय**
**(कम्पनी सचिव)**